# १२ प्रेम कथा

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्</u>:* उत्पत्ति २:२१-२५, प्रस्थान २०:५, यशैया ४३:४, यशैया ६२:५, श्रेष्ठगीत, यूहन्ना २:१-११।

*<u>स्मरण गर्नुपर्ने पद</u>:* **"बिगत समयमा परमेश्वर हामीकहाँ देखापर्नुभएको थियो। उहाँले यो भन्नुभयो, 'मैले तिमीहरूलाई यस्तरी प्रेम गरें कि त्यो प्रेम सदाको लागि थियो। विश्वासीलो प्रेमले तिमीहरूलाई प्रेम गर्दै रहें।" (यर्मिया ३१:३ रूपान्तरित)।**

**मूल बिचारः परमेश्वरको माया तथा प्रेम गर्ने पक्षलाई हामीले कसरी बुझ्ने? हुनसक्छ परमेश्वरको बारेमा सोच्नेबित्तिकै प्रेम मनमा आउँदछ।**

फेरि परमेश्वरको प्रेम कतिको गहिरो छ भनेर हामीले सोच्नपनि सक्दैनौं। तर परमेश्वरको गहिरो प्रेमको एक पक्षलाई मानिसहरूले त्यत्ति ध्यान नदिएको पाउँछौं। त्यो हो, परमेश्वर भावुक अर्थात् रोमाञ्चकारी हुनुहुन्छ।

परमेश्वरको माया गर्ने ज्ञानलाई ठिक रूपमा बुझ्न पहिले हामीले बाइबलको समयकाललाई बुझ्नुपर्दछ। यस पुस्तकमा हजारौं वर्षको मानव इतिहास समेतिएको छ। संसारको सुरुदेखि अन्तसम्मका वृतान्त यस इतिहासमा छ। अन्य इतिहासको पुस्तक जस्तै, यसमा पनि राजा रानी, युद्ध र संघर्षको योजना र राजनैतिक योजनाका वृतान्तहरू समावेश गरिएकाछन्।

जे जे भयो त्यो सबै घट्ना कुनै पनि इतिहासको पुस्तकले उल्लेख गर्दैन। बाइबल पनि त्यस्तै खालको हो। बाइबल ठूलो वशावलीको पुस्तक नभएकोले यसले समेतेका संपूर्ण समयकालका रेकर्ड वा लेख यसमा पाइन्दैन। यसमा कतिपय कुराहरूलाई ध्यान नदिएको देखिन्छ। तर इतिहासको लेखाजोखामा केहि भावुक प्रेम कथाहरू समावेश गर्न परमेश्वरले आफ्ना अगमवक्ताहरूलाई अऱ्हाउनुभएको थियो। तर बाइबलको इतिहासमा रोमाञ्चकारी कथाहरू उल्लेख गर्न परमेश्वरले किन अनुमती दिनुभएको होला? यो सोचनिय कुरो हो। के यसले आफ्नो केहि स्वभावको बारेमा परमेश्वरले हामीलाई बताइरहनुभएको छ त? रोमाञ्चकारी जीवन वा भावुक जीवनलाई

परमेश्वरले कस्तो महत्त्वपूर्ण दृष्टिले हेर्नुहुन्छ? प्रेमका कथाहरू बाइबलमा किन उल्लेख गरिएकाछन् र तिनीहरूबाट हामीले के सिक्नसक्दछौं भनेर यस अध्यायमा सरसरती हेर्नेछौं।

## १. प्रथम् रोमांस (उत्पत्ति २:२३)

बाइबलमा प्रेम कथा कहाँबाट सुरू हुन्छ भन्ने कुरा उत्पत्तिको पुस्तकको पहिलो अध्यायमा पाउँछौं। यसमा आदम र हवाको पिरतीको कथा छ। आदम र हवा परमेश्वरको विशेष सृष्टि थिए। दुवै पुरूष र स्त्री परमेश्वरको स्वरूपमा सृष्टि भएका थिए। परमेश्वरको अचम्मको सृष्टिगर्ने शक्तिद्वारा आदम र हवाले जीवन पाएका थिए। हाम्रा सृष्टिकर्ता परमेश्वरको ज्ञान र शक्तिको प्रमाणहरूमा हाम्रा भौतिक शरीर एक हुन्।

हवाको सृष्टि कसरी भयो भनेर बाइबले कसरी लेखा राखेको छ? हेर्नुहोस्, उत्पत्ति २:२१-२५। यस कथाले देखाएको आदम र हवाको सम्वन्धलाई तपाईंले कसरी व्याख्या गर्नुहुन्छ?

आदम र हवा एक आपसमा कसरी घनिष्टतामा बाँधियो भन्ने नै उनीहरूको पिरती कथाको अन्तिम निश्कर्ष हो भनेपनि हुन्छ। मानिसको शरीरबाट एउटा करङ्ग निकालेर परमेश्वरले स्त्रीलाई सृष्टि गर्नुभयो (चिकित्सा शास्त्रको क्षेत्रमा प्रथम् शल्यक्रिया परमेश्वरले नै गर्नुभएको थियो)। यसको अर्थ ती दम्पती एउटै मासु र रगत थिए।

जब सुन्दरी हवालाई आदमले देखे, तब उनीप्रति अत्यन्त आकर्षित भए। तब उनको मुखबाट प्रथम् पिरतीको गीत निस्किएको थियो। त्यसलाई बाइबलको प्रथम् "प्रेम कविता" पनि भनिन्छ। आफू र हवा कसरी नजिकै जोडिएका थिए भनेर आदमले खुला रूपमा स्वीकार गरेका थिए। पद २३मा उल्लेखित शव्द हिब्रू भाषामा "पुरूष"लाई ईश (ish) भनिन्छ। आदमले हवालाई हेर्न वित्तिकै भावुक भएर प्रयोग गरेको "स्त्री" शव्द ईशाह (ishah) हो। त्यसकारण त्यस शव्दको अर्थले आदम र हवा कसरी एकै सुत्रमा बाँधिएका थिए भन्ने कुरा बताउँछ ।

आफ्ना आमाबाबुबाट अलग बसेर श्रीमान श्रीमती एक भएर बस्नुपर्दछ भन्ने परमेश्वरको निर्देशन पद २४मा उल्लेख गरेको छ। एक आपसमा कसरी नजिक हुनुपर्छ भन्ने उनीहरूको निम्ति अर्को प्रभावकारी उदाहरण यो पनि हो। (कसैले भन्ला वाफ रे वाफ, आदम र हवाको आमाबाबु नै थिएन, कुन् आमाबाबुको बारेमा उपरोक्त पदले उल्लेख

गरेको होला भनेर कतिपय छक्क परेर तर्क पनि गर्न सक्दछ। तर यो याद गर्नु पर्दछ, आदम र हवाको सृष्टिको बिवरण तत्कालै अदनको बँगैचामा लेखेको थिएन। तर त्यो सृष्टि भएको धेरै शताव्धी पछि मोसाले लेखेका थिए। वैवाहिक जीवनको अर्थ के हो भनेर विस्तृत रूपमा व्याख्या गर्न उनले आदम र हवाको सृष्टिको कथा प्रयोग गरेका थिए)। फेरि उनीहरू नाङ्गै थिए रे ! यसले पनि प्रथम् दम्पत्ति कत्तिको घनिष्ठ थिए भनेर हामीलाई जानकारी दिँदछ।

आदम र हवाको बीचमा पाप आउनुभन्दा अगाडि कस्तो सम्वन्ध थिए भनेर हामीले जुन तर्क गरेपनि उनीहरूको बीचको रोमाञ्चकारी सम्बन्ध तिनीहरूको जीवनको एक प्रमूख भाग थियो। यसको अर्थ रोमाञ्चिक अर्थात् पिरतीको जीवनलाई परमेश्वर बिरोधी गर्नुहुन्न। यस पृथ्वीको सुरूदेखि श्रीमान श्रीमतीबीचमा हुने रोमांसको बिरोधी हुनुभएको थिएन न त यसको अन्तसम्म नै। प्रेम गर्ने सक्षम् बनाएर नै परमेश्वरले मानिसहरूलाई सृष्टि गर्नुभएको थियो। दम्पतीहरूको बीचमा मायाले ओतप्रोतको अनुभव हुने श्रोत परमेश्वर नै हुन्। परमेश्वरले गर्नुभएको सबै सृष्टिमा मायाप्रेम गर्ने हृदय हाम्रो जीवनको प्रमूख भाग भएको देखिन्छ।

**रोमाञ्चकारी जीवन अत्यन्त रमाइलो छ। (स्पष्टमा भन्ने हो भने यसलाई रमाइलो, रोमांस, प्रेमलीला रोमान्टिक जीवन पनि भनिन्छ)। केवल श्रीमान र श्रीमतीको बीचमा हुने वा हुनपर्ने स्वच्छ रमाइलो शारीरिक सम्वन्ध परमेश्वरले मानिसहरूलाई दिनुभएको बरदान हो। यदि श्रीमान र श्रीमतीको बीचमा परमेश्वरलाई साक्षी राखेर उचित सम्वन्ध कायम गरे उनीहरूलाई कुन् गलत परिस्थितिबाट सुरक्षित हुनसक्दछन्? एक आपसमा बफादारी हुन के नितीहरू अपनाउनु पर्दछ?**

## २. रोमाञ्चकारी, रमाइलो, रोमान्टिक वा प्रेमलीला जीवनको बारेमा बाइबलका अन्य कथाहरू (उत्पत्ति २४, २९)

बाइबलले धेरै इतिहास समेटेको छ। त्यहि भित्र बिभिन्न प्रेमलीलाका उदाहरणहरू प्रस्तुत गर्न पनि बाइबल पछि नहटेको पाइन्छ। उदाहरणमा अब्रहाम र साराहको बीचमा भएको घनिष्ट प्रेम सम्वन्धलाई लिन सकिन्छ। साराह बाँझी भयो भन्दैमा जीवनभर अब्राहमले साराहलाई छोड्दैनन्। जतिसुकै बुढोभएपनि आफ्नो एक मात्र श्रीमतीप्रति एक भएर दाम्पत्य जीवन बिताउने अनुकरणीय उदाहरण

यसले देखाउँदछ। उत्पत्ति १६ पढ्नुहोस्। कसैले सोध्ला, त्यसो भए अब्राहम हागरलाई किन ल्याइटे बनायो त? त्यो, अब्राहमको आफूखुशीले हागरलाई ल्याइटे बनाएको होइन। त्यस बेलाको संस्कार अनुसार श्रीमतीले बच्चा पाएननन् भने आफ्नो रखौटी मध्ये एकलाई श्रीमानलाई दिएर उनीबाट भएको बच्चा आफ्नो हुने प्रावधान छ। (आजको वैज्ञानिक युगमा त्यसलाई सरोगेट मदर भनिन्छ। वा टेस्टट्युबबाट निकालेको बच्चा पनि आजको युगमा प्रचलित छ। जब श्रीमती गर्भ बोक्न असमर्थ छिन् भने श्रीमानको बिऊ कि त टेस्टट्युबमा राखेर बच्चा जन्माइन्छ वा अरू बाँझी नहुने स्त्रीको कोखमा सुईद्वारा बिऊ राखेर बालक जन्माइन्छ। जब बालक जन्मिन्छ त्यो बालक जसको बिऊ हो त्यसैलाई सुम्पिने कानुनी प्रावधान छ। तर यो प्रविधी केहि वर्ष अघिमात्र आविश्कार गरेको थियो। अब्राहमको पालामा हुने त कुरै थिएन। त्यसकारण चलनचल्ती अनुसार कसैको श्रीमती बाँझी छिन् भने आफ्नी रखौतीलाई आफ्नो श्रीमानको श्रीमती बनाउन होइन तर आफ्नो निम्ति बालक जन्माउन श्रीमानसँग सुताउँछन्, अनि बालक जन्मेपछि त्यो बालक प्राकृतिक आमाको हक हुँदैन तर मालिक्नीको हुन्छ। त्यो बालक निःसन्तान आमाबाबुको धर्मपुत्र हुन्छ- अनुबादकको टिप्पणी)। त्यसकारण अब्राहम हागरसँग प्रेममा फसिएर होइन तर साराहको करले नै बच्चा जन्माउन सुतेको थियो। यसमा श्रीमान र श्रीमतीको बीचमा कस्तो मिलोमत्तो वा प्रेमाभाव रहेछ भनेर स्पष्ट रूपमा देखिन्छ।

फेरि अर्को लामो अध्यायमा साराहको कोखबाटै निस्किएको इसाहाकको निम्ति श्रीमती चुन्न सेवकलाई मामा घर पठाइएको बारेमा विवरण दिइन्छ। जब सेवक इसाहाकको निम्ति रेबेका ल्याउन सफल हुन्छ तब उत्पत्ति २४ अध्यायमा अर्को प्रेमकथाको समावेश भएको पाउँछौं।

त्यसरी नै याकूब र राचेल वा राहेलको बीचमा भएको अत्यन्त रोमाञ्चकारी कथा बाइबलमा समावेश भएको छ। राचेल आफ्नी भइसकेपछि उनीलाई याकूबले कस्तो न्यानो प्रेम देखाए भनेर बाइबलले उल्लेख गर्दछ। कुनै पुरुषले स्त्रीलाई मुख वा ओठमा म्वाई खाने चलनको (किस) उदाहरण यो कथा र श्रेष्ठगीतमा बाहेक अन्त दिइएको छैन। झन बिबाहपूर्व मुखमा म्वाइखाने चलन त बाइबल नितिको

परिधिभन्दा बाहिरको कुरो हो। (याकूब र राचेको पूरा प्रेमकहानी उत्पत्ति २९मा उल्लेख गरिएको छ, सो पढ्नोहोस्)।

बाइबलका सत्यकथाका लेखकहरूले परमेश्वर रोमाञ्चकारी हुनुहुन्छ भनेर नहिच्किचच्याइकन प्रस्तुत गरेका छन्। विषेश गरेर उत्पत्तिको पुस्तकमा खुलायाम देखाइएकाछन्। प्रेमकहानी र म्वाइ खाएको कुरालाई  बाइबलमा उल्लेख उल्लेख गरेको कारणले श्रीमान् र श्रीमतीको बीचमा हुनुपर्ने प्रेमिलो सम्बन्ध परमेश्वरको मनशाय हो भनेर देखाउँदछ।

धेरै यस्ता कथाहरू उत्पत्तिको इतिहासको समयमा घटे होलान् जुन् सबै लेखेका छैनन्। तर यस्ता केहि रमाइलो र न्यानो प्रेमलिलाका कथाहरूलाई उल्लेख गर्न परमेश्वरले नै अनुमती दिनुभएको थियो।

**ती प्रेमलीलाका कथाहरू पढ्नुहोस्। यस्ता कथाहरू साँच्चिकै भनौं भने विश्वका अन्य भागहरूमा पनि पाउँछौं। ती मानिसहरूले अरूको भूलले गर्दा धेरै दुःख पाएका थिए। तिनीहरूले धेरै चुनौतीहरूको सामना गर्नुपरेको थियो। तर बाइबलकै समयमा कतिपय मानिसहरूले प्रेमको नाउँमा गलत सम्बन्ध राख्दा कस्तो दुःख भोग्नु परेको थियो भनेर बाइबलमा उल्लेख गरिएकाछन्। त्यसबाट बर्तमान युगमा हामी पनि के शिक्षा लिनसक्दछौं।**

**दुर्भाग्यवस आजपनि त्यस्तै खालको भूलहरू गरिरहेका हामी पाउँछौं, अझ त्यो भन्दा बेसी। तर सुसमाचार त यो छ कि, परमेश्वरले मानव भूलहरूलाई क्षमा दिनुहुन्छ र हृदयका चोटहरूलाई निको पार्नुहुन्छ। प्रेम गर्ने दौरानमा वा प्रेम गर्ने नाउँमा तपाईंले जुनसुकै भूल गरेतापनि क्रुसको छहारीमा क्षमा पाउन र हृदयका चोटहरू निको हुन तपाईंले के गर्नुपर्दछ?**

## ३. परमेश्वरको प्रेम (प्रस्थान २०:५)

दाम्पत्य जीवनमा प्रेमलीला मानव अनुभवको एक महत्त्वपूर्ण भाग होभ भनेर उत्पत्तिको सुरूदेखि नै औंल्याइएको छ। (दुई वटा करङ्ग होइन, केवल एउटामात्र करङ्ग निकालिएकोले) एक पुरूषको साथ एक स्त्री नै आदर्श बैवाहिक जीवन हो बाइबलले औंल्याइएको छ। कस कसको बीचमा प्रेमलीला हुनुपर्दछ भनेर बुझ्नको निम्ति हामीलाई नमूनाको रूपमा बाइबल खडा गरिदिएको छ।

फेरि यो पनि अत्यन्त चासोको बिषय छः प्रेम वा प्रेमलीला, वैवाहिक जीवनलाई प्रतिकको रूपमा लिएर परमेश्वरले आफ्ना जनहरूसँग प्रेम सम्वन्ध राख्ने काइदा। श्रीमान् र श्रीमतीको बीचमा यस्तो नजिकको सम्वन्ध हुनुपर्दछ कि कोही पनि तिनीहरूको बीचमा आउने अधिकार छैन केवल परमेश्वर बाहेक, अर्थात् परमेश्वरसँगको व्यक्तिगत सम्वन्धमात्रै श्रीमान् श्रीमतीको सम्बन्धभन्दा सर्वोच्च हुनुपर्दछ।

**"म डाह गर्ने परमेश्वर हुँ" भनेर आफ्ना जनहरूप्रति व्यक्त गरेको भावनाले परमेश्वरको बारेमा हामीलाई के सिकाइरहेको छ? (प्रस्थान २०:५)।**

आफ्ना जनहरूसँगको घनिष्ट सम्वन्धलाई प्रष्ट पार्न आफू डाही भएको भावना परमेश्वरले धेरैपल्ट व्यक्त गर्नुभएको थियो (प्रस्थान ३४:१४, व्यवस्था ४:२४, योयल २:१८ पढ्नुहोस्)। यदि कुनै प्रेमिका प्रेमीसँग बफादारी छैन भने त्यो प्रेमी अत्यन्त डाहि हुन्छ। यो डाह प्रेमी र प्रेमीकाको बिचमा हुने नचुक्ने भावना हो। आफूलाई डाहीको रूपमा सम्वोधन गरेर परमेश्वरले यो भनिरहनुभएको छः म तिमीहरूबाट टाडा छैन, म भावनारहित निर्जीव मूर्तीजस्तो छैन, कठोर तथा असंवेदनशील व्यक्तित्व भएको व्यक्ति होइन। मानव परिवारप्रति अत्यन्त प्रेमाभाव, ममता, अनुराग अर्थात् स्नेह राख्ने परमेश्वर उहाँ नै हुनुहुन्छ। (दाम्पत्य जीवनमा हुनुपर्ने सच्चा प्रेमको अभावमा डुविएको) हामीलाई परमेश्वरको प्रेम बुझ्न त्यत्ति सजिलो त छैन। तर जे भएतापनि परमेश्वरले हामीलाई अति प्रेम गर्नुहुन्छ, जसरी एक प्रेमिकाले आफ्नी प्रेमीलाई माया गर्दछन्। यदि हामीले उहाँलाई विश्वासघात गऱ्यौं भने उहाँको चित्य अत्यन्त दुख्दछ।

**यशैया ४३:४, यशैया ६२:५, इजकियल १६:१-१५, यर्मिया ३१:३, प्रकाश २१:९ पढ्नुहोस्। ती पदहरूका मर्म के हुन्? हामीप्रति परमेश्वरको मनौभावना कस्तो रहेछ भनेर ती पदहरूले हामीलाई बुझाउन कसरी कोशिस गरिरहेका छन्?**

यस संसारका प्रत्येक मानव जातिलाई परमेश्वरले कसरी गहिरो प्रेम गर्नुहुन्छ भनेर बाइबलले खुलायमरूपमा सिकाउँदछ। ती पदहरू केवल परमेश्वरको प्रेमिलो गुणको झल्कोहरूमात्र हुन् किनभने हामी सृष्टिभएका प्राणीले जगत सृष्टिकर्ता महान् परमेश्वरलाई पूरा बुझ्नसक्दैनौं। (जसरी कमिलाले हात्तीको बारेमा बुझ्न सक्दैन त्यसरी

नै) ठूलो परमेश्वरको बारेमा बुझ्न हामी अत्यन्त सानै छौं। सृष्टिले सृष्टिकर्ताको बारेमा कसरी बुझ्ने? फेरि त्यसैबखत परमेश्वरले आफ्नो प्रेम हाम्रो अगाडि घोषणा गर्नुभएको छ, त्यो मात्रै होइन अत्यन्त प्रभावकारी रूपमा धेरै तरिकाहरूद्वारा त्यो प्रेम देखाउनुभएको छ। (परमेश्वर प्रेमिलो हुनुहुन्छ भनेर प्रवचनमामात्र सिमित नराखी, यथार्थमै उहाँले देखाउनुभएको छ)। सबभन्दा उत्कृष्ट परमेश्वरको प्रेमको ज्वलन्त उदाहरणचाहिँ क्रुस नै हो। क्रुसमा के भयो त्यसले परमेश्वरको प्रेम हामीमाभएको प्रमाणित गर्दछ। यथार्थमा भन्ने हो भने क्रुस बाहेक उहाँको प्रेम, स्नेह, माया, ममता देखाउने अरू कुनै उत्कृष्ट उदाहरण अरू केहि होलान् त?

**हामी पापी भएको कारण, यदि परमेश्वरले हामीलाई छिःछि गर्नुभयो रे, वा हामीलाई वास्ता गर्नुभएन रे! अर्थात् उहाँको प्रेमको आभास हामीले पाएनौं रे? हाम्रो जीवन कस्तो हुने होला? तर परमेश्वरले हामीलाई *प्रेम* गर्नुहुन्छ भनेर बाइबलले खुलायामरूपमा भन्दछ र देखाउँदछ पनि। बाइबलले देखाएको यो मर्मलाई तपाईंले व्यक्तिगत जीवनमा कसरी लिइरहनुभएको छ? तपाईंको जीवनको प्रत्येक पाइलामा परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने गजवको भावनाले कसरी प्रभाव पारिरहेको छ?**

## ४. प्रेमलीलाले भरिएको पुस्तक (श्रेष्ठगीत)

मानिसको दुःख कष्टको बारेमा सोधपूछ गर्दै लेखेका पुस्तकहरूले पुस्तकालयहरू भरिन सक्दछन्। विषेश गरेर प्रेमिलो, सर्वशक्तिमान, सर्वव्यापी र सर्वज्ञानी परमेश्वरलाई विश्वास गर्नेहरूलाई मानव दुःखको बारेमा बुझ्न अत्यन्त कठिन भएको पाइन्छ। (नास्तिकको निम्ति यो जिज्ञासा जतिल नहुन सक्दछ। परमेश्वररहित र अर्थहिन संसारमा दुःख भनेको जीवनको केवल एक भाग हो भनेर ती नास्तिकहरूले ब्याख्या गर्दछन्। त्यसकारण जति येशूभक्तहरूको बीचमा दुःखको बारेमा प्रश्न ठूलो तगारो भएर खडा हुन्छ त्यत्ति नास्तिक वा परमेश्वरको अस्तित्वलाई अश्विकार गर्नेहरूको बीचमा खडा हुँदैन। दुःखकष्टलाई गहिरिएर बुझ्ने दर्शन नास्तिकहरूले सृजना गर्दैन।) तर ख्रीष्ट र सैतानको बीचमा भइरहेको महान् अन्तर्सँघर्षलाई (द्वन्ध) नबुझी प्रयाजसो पुस्तकालयहरूमा भरिएका पुस्तकहरूले मानिसको दुःखकष्टलाई चित्तवुझ्दो रूपमा वाख्या गर्न सक्दैनन्। (अझ स्वर्गमा भएको महान्

युद्धको बारेमा जानकारी भएतापनि दुःखकष्टको बारेमा बुझ्न कठिननै भइरहेको हामी पाउँछौं।)

जीवनको प्रत्येक क्षेत्रहरूमा मानव पिडाले छोएको हुन्छ। तर त्यसो भयो भन्दैमा जीवनमा आनन्द नै छैन भन्ने होइन। जीवनमा हुने सुखलाई पनि बिर्सनुहुन्न। कतिपय खानेकुराहरू किन मिठो र स्वादिलो हुन्छन्? बिभिन्न खाना परिकारहरूमा भएका स्वादले हाम्रो जिब्रोलाई कसरी मिठो बनाउँदछन्? कुनै पनि मनपर्ने खानाले हाम्रो स्वादसँग ठ्याक्कै कसरी मिल्दछ? रङ्गहरू किन रङ्गिचङ्गी छन्? बिभिन्न आकर्षित रङ्गहरूमा मानव आँखा परेर किन रमाइलो मानिन्छ? दाम्पत्य जीवनमा कामबासनाले किन मानिसलाई आनन्द दिंदछ? बच्चामात्र पाउने उद्देष्यले बिवाह गर्दछ भने दाम्पत्य जीवनमा हुनुपर्ने रतीक्रियाले ल्याउने आनन्दको आवश्यक हुँदैन। कति मानिसहरूले केवल बच्चा जन्माउन मात्रै बिवाह गर्दछन्, मानौं स्त्री केवल वच्चा जन्माउने फ्याक्टोरी हुन्। यो तरिकाले हामी जन्मियौं भने हाम्रो जीवनको अर्थ के होला? आजभोली वैज्ञानिक युगमा कृत्रिम गर्भाधारण गरिन्छ जहाँ स्त्रीपुरूषको सम्वन्धको आवश्यक हुँदैन। कुनै पनि आनन्द लिने बेलामा चाहे त्यो रतीक्रियामा नै किन नहोस् त्यसलाई आनन्द दिन विभिन्न स्नायु अर्थात् इन्द्रियहरूको परिचालन कसरी हुन्छ (जस्तै सुन्ने, सुँघ्ने, स्वादलिने, हेर्ने, छुने आदि)?

ती सबै प्रश्नहरूको जवाफ एउटै हुन्। किनभने परमेश्वरले हामीलाई त्यसरी नै बनाउनुभयो। शारीरिक आनन्द लिने गरेर नै परमेश्वरले हाम्रो शरीरको रचना गर्नुभएको हो।

शारीरिक आनन्दलाई पहिल्याउने बाइबलका पुस्तकहरूमा श्रेष्ठगीतले उच्च स्थान हासिल गर्दछ। यो पुस्तक बाइबलमा किन समावेश भइयो त? यो प्रेमलीलाको पुस्तक हो। यसमा लेखिएका कुनै पनि कामबासनाको आनन्दमा बच्चा जन्माउने कुरासँग सम्वन्ध राखेको छैन। श्रीमान् र श्रीमतीले यौनक्रियाबाट कस्तो विषेश आनन्द लिनुपर्दछ भनेर रचिएको यो पुस्तक हामीलाई याद दिलाउन परमेश्वरकै योजनामुताविक बाइबलमा समावेश भएको हो। मानिसमा हुनुपर्ने स्वच्छ यौनक्रिदा वा प्रेमलीलाको श्रोत परमेश्वरलाई मान्नुपर्दछ।

**श्रेष्ठगीत सरसरती पढ्नुहोस्। पवित्र विवाहको परिधिमा रहेर भौतिक अर्थात् शारीरिक आनन्दलाई परमेश्वरले कसरी हेर्नुहुन्छ भनेर त्यस पुस्तकले हामीलाई कसरी बताउँदछ?**

बर्तमान युगमा रहेका विभिन्न संस्कृति, संस्कार वा समाजले अपनाएका आधुनिक नैतिकताको सामु बाइबलले औँल्याएका यौनक्रिया, पवित्र बिवाह र शारीरिक आनन्द पुरानो, अनौठो वा संकुचित बिचारधारा भएको पाउनसक्दछ। तर बैवाहिक जीवनमा अपनाउनुपर्ने आदर्श नितिहरूको श्रोत परमेश्वरनै हुनुहुन्छ। शारीरिक आनन्द लिने अवसर उहाँले नै सृजना गर्नुभएको हो। सर्वश्रेष्ठरूपमा हामीले कसरी आनन्द लिने भनेर खाका तयार गर्ने उहाँ नै हुनुहुन्छ। परमेश्वरले दिनुभएको शारीरिक आनन्दलाई दुरुपयोग गर्दा कतिको पिडा र दुःखकष्ट हुन्छ सो बुझ्न केवल उहाँमात्र सक्षम् हुनुहुन्छ।

## ५. येशू र प्रेमलीला (यूहन्ना २:१-११)

**बैवाहिक सम्वन्ध जहाँ प्रेमलीला हुन्छ त्यसको बारेमा येशूको मनस्थिति कस्तो छ? उहाँको समयमा यहूदीहरूको बिवाह समारोह लामो समय सम्म हुन्थ्यो। विवाह समारोहको रमझम र रौनक अत्यन्त रमाइलो हुन्थ्यो। येशूलाई पनि एक दिन एउटा बिवाह समारोहमा निम्त्याइएको थियो। उहाँको उपस्थितिले बिवाहलाई आशिष दिनुभएको प्रमाणित गर्दछ। यूहन्ना २:२-११ अनुसार येशू विवाहमा सरिक हुनुभएकोले त्यसप्रति उहाँको स्पष्ट धारणा कस्तो थियो भनेर हामीले कसरी बुझ्ने?**

उजाड स्थानमा चालिस दिनको उपवास र परिक्षा पछि येशू भर्खरै आफ्नो घरमा आउनुभएको थियो। उजाड स्थानमा येशूले शारीरिक र मानसिक पिडा भोग्नुभएको थियो। त्यसलाई पार गरेर येशू मानव परिवारलाई आशिष दिन बिवाहको समारोहमा उहाँ सरिक हुनुभएको थियो। मानवको दाम्पत्य जीवनमा सुमधुर र न्यानो सम्वन्धलाई पवित्र पार्न उहाँले भोजको निमन्त्रणा स्वीकार गर्नुभएको थियो। अदनको बँगैचामा आदम र हवालाई पहिलो वैवाहिक सूत्रमा बाँध्ने येशू नै हुनुहुन्थ्यो। अब उहाँ मानव चोला लिएर आउनुभएपछि पनि पहिलो अचम्मको काम गर्नुहुन्छ। कहाँ त? बिवाहको भोजमा !

बाइबलको समयमा यहूदी बिवाह समारोह अत्यन्त आकर्षित घटना हुन्थ्यो। गालिल प्रान्तको सानो काना गाउँमा भएको विवाहको त्यस समारोह वर्षको चाड जस्तै हुनसक्छ। धेरै दिनसम्म भोजभतेर चल्दथ्यो। रबी अर्थात् धर्मगुरू र विद्यार्थीहरूले छुट्टि लिएर त्यस समारोहमा जान्थ्यो। सबैले कुनै न कुनै उपहारहरू ल्याउँथे। अनि

पाहुनाहरूको निम्ति दुलहीको परिवारले प्रशस्त खाने पिउने कुराहरू उपलव्ध गराउन अपेक्षा गरिन्थ्यो।

यहि अपेक्षाले गर्दा पिउँदा पिउँदै पेय पदार्थ सिद्धिनु भनेको चानचुने नैराश्यता थिएन। भोजमा पेय पदार्थ सिद्धिनु अति लाजमर्दो कुरो थियो। येशूकी आमा त्यस भोजको मुली हुनुभएको हुनसक्छ। पेय पदार्थको अभाव भएर के गरूँ के गरूँ भनेर आपद भइरहेको बेलामा उनी येशूकहाँ गोहार माग्न जानुभयो। त्यसपछि उनले भोजमा सेवा गर्ने सेवकहरूलाई, "येशूले जे भन्छ त्यहि गर्नु" भनेर निर्देशन दिई।

अनि येशूले सेवकहरूलाई छवटा पानीको घ्याम्पो भर्नु भनेर अऱ्हाउनुभयो। त्यसबेलाको घ्याम्पोमा १५ देखि २५ ग्यालन अर्थात् ६० देखि १०० लिटर पानी अत्थ्यो भनेर पुरातत्ववीदहरूले भन्दछन्। त्यसकारण छवटा पानीको घ्याम्पो भन्दा कमसेकम नब्बे ग्यालन अर्थात् ३६० लिटरको हुनसक्छ। जम्मा गरेर कमसेकम एक सय बिस ग्यालन पानी राख्दथ्यो भनेर कतिपय बाइबलका चिन्तकहरूले राय व्यक्त गर्दछन्।

जब येशूको निर्दशन अनुसार सेवकहरूले पेय पदार्थ भोजको मुखियाकहाँ अलिकता लग्दछन्, तब त्यो पिएपछि भोजको मुखियाले दुलहालाई अचम्म मानेर वधाईं दिंदै भन्दछः "'..होइन, भोजको बेलामा सबभन्दा असल दाखमद्य पहिला पो ल्याउँछ। जब असल दाखमद्यले पाहुनाहरू तृप्त हुन्छ तब सस्तो दाखमद्य ल्याउँछ। तपाईंले त सब भन्दा असल दाखमद्य पछिलाई पो थुपारी राख्नुभएको रहेछ।'" (यूहन्ना २:१० रूपान्तरित)।

एक ग्यालमा चार लिटर हुन्छ र प्रत्येक लिटरले छवटा ग्लास भर्दछन्। प्रायजसो बिवाहको भोजमा पिउने ग्लास त्यत्रै हुन्छ। यसको अर्थ छवटा घ्याम्पोमा कमसेकम २,१६० ग्लास दाखमद्य अटेको थियो। एउटा सानो गाँउमा भइको सानो विवाहको भोजमा येशूले २,१६० अति उत्तम पेय पदार्थ उपलव्ध गराउनुभयो। विवाह समारोहमा मानिसले कहिलै नपिएको अति उत्तम पेय पदार्थ येशूले खन्याइ दिनुभएको थियो।

यस आश्चर्य काममा परमेश्वरको सृष्टिगर्ने शक्तिको प्रदर्शन भएको देख्दछौं। त्यहि शक्तिले यस संसार सृष्टि गर्नुभएको थियो। अनि येशूको सांसारिक सेवाकार्यमा सृष्टि गर्ने पहिलो कार्य कानाको विवाहको भोजमा देखाउनुभएको थियो।

त्यस सानो गाउँमा भएको भोजको समयमा येशूले गर्नुभएको आश्चर्य कामले प्रेमलीला र पवित्र विवाह परमेश्वरबाट पाएको अचम्म बरदान हो भनेर हामीलाई सिकाउँदछ। येशूले कहिले पनि बिवाह गर्नुभएको थिएन। यो पनि हामीले ख्याल गर्नुपर्दछ। यसको अर्थ सबैले बिवाह गर्नैपर्छ भन्ने छैन भनेर उहाँ उदाहरण भएर देखाउनुभएको थियो भनेर पनि मान्नुपर्दछ। विवाह गरेको दम्पतीले जस्तै अविवाहित मानिसहरू पनि परमेश्वरमा अर्थमूलक, उपलव्धीमूलक र आनन्दको जीवन बिताउन सकिन्छ।

## उपसंहारः

**थप जानकारीः** विवाह पवित्र गठवन्दनको प्रतिक हो जसले ख्रीष्ट र उहाँका जनहरूको बीचमा हुनुपर्ने सम्वन्धलाई जनाउँछ भनेर दुवै पुरानो र नयाँ करारले पुष्टि गर्दछन्। येशूको मनमा विवाह समारोह त्यसबेलालाई औंल्याइरहेको पाउँछौं जब उहाँले उहाँका वेहुलीलाई (उहाँका विश्वासी जनहरू) पिताको घरमा खुशियलालीसाथ ल्याउनुहुनेछ। अनि उद्धार पाएका जनहरू मुक्तिदातासँग थुमाको बिवाहको भोजमा सरिक हुनेछन्। उहाँले भन्नुहुन्छ, "मानिसहरूले तिमीहरूलाई तिरस्कृत भएका जनहरू भनेर कहलाइनेछैनन्।....तर परमेश्वरबाट प्रशन्न भएका जनहरू भनेर तिमीहरूलाई सम्वोधन गर्नेछन्।... तिमीहरूदेखि म (तिम्रा प्रभु) हर्षित हुनेछु।....जसरी आफ्नो दुलहीदेखि दुलाहा खुशी हुन्छन्, त्यसरी नै तिमीहरूदेखि म अति आनन्दित हुनेछु।" (यशैया ६२:४,५ रूपान्तरित)। र जेफनायाको (सपन्याह) पुस्तकमा यसरी लेखिएको छ कि "उहाँको प्रेमको मौनताले तिमीहरू शान्त हुनेछौ। तिमीहरूको कारण उहाँ गदगद भएर आनन्दको गीत उहाँले गाउनुहुनेछ।" (सपन्याह ३:१७ रूपान्तरित)।

त्यहि महिमित विषयसँगै बाइबलका पुस्तकको अन्त्य हुँदछ। प्रेरित यूहन्नाले स्वर्ग के भइरहेको थियो त्यसको दर्शन पाएका थिए। त्यसलाई वर्णन गर्दै उनले लेख्दछः "अनि मैले ठूलो भिंडको आवाज सुनें। यो ठूलो मेघ गर्जेको वा कोलाहल गर्दै पानी वगेको आवाज जस्तै स्वर मैले सुनें। मानिसहरू आनन्दले चिच्याइरहेका थिए, 'हल्लेलुया ! हाम्रा परमेश्वर राजा हुनुहुन्छ जसले सबैमाथि प्रभुत्व जमाउनुहुन्छ। हर्ष र आनन्दले खुशी होऔं ! उहाँलाई महिमा देऔं ! उहाँको स्तुतिप्रशंसा गरौं ! थुमा (येशू)को बिवाहको समय आएको छ। उहाँकी दुलही

(चर्च)ले उनीसँग बिवाह गर्न तयार भइसकेकिछिन्। उज्यालो, सफा मलमलको कपडा लगाउन उनलाई दिइएको थियो।'...जो व्यक्तिहरू थुमाको बिवाहको भोजमा निम्त्याइएकाछन्, तिनीहरू धन्य हुन् !" ...यी परमेश्वरका सत्य वचनहरू हुन्'" (प्रकाश १९:६,९)।

**चिन्तनमनन:**

क. तपाईंको समाज, संस्कार वा चलनचल्तीमा के छन् जसले गर्दा परमेश्वरले सदुपयोग गर्न दिनुभएको भौतिक आनन्दलाई दुरुपयोग गर्न उक्साउँदछ? ती बरदानहरूलाई दुरुपयोग गर्दा के खतरा हुन्छ भनेर तपाईंले विषेश गरेर युवा युवतीहरूलाई कसरी सिकाउनसक्नुहुन्छ? परमेश्वरले हामीलाई नितिनियमहरू दिनुभएको छ। परमेश्वरको वचन अनुसार तिनीहरूलाई आत्मसात् गर्दा जीवन अर्थमूलक र रमाइलो हुनसक्दछ, तर संसार वा समाजले लोभ्याएको जीवनलाई पछ्याउँदा यथार्थमा रमाइलो हुँदैन भनेर तपाईंले कसरी देखाउने?

ख. परमेश्वरले इस्रायलीहरूलाई बिभिन्न नागरिक नियमहरू दिनुभएको थियो। त्यसमा प्रेमलीला झल्काउने परमेश्वरको अर्को स्वभाव हामीलाई याद दिलाउँछ। भर्खरै विवाह भएको दम्पत्तीले कस्तो सुहाग रात बिताउनुपर्दछ भनेर परमेश्वरले सल्लाह दिनुभएको हामी पाउँछौं? व्यवस्था २४:५ पढ्नुहोस्। उनीहरूलाई दिइएको समयको परिवन्धलाई हामीले के ठान्ने?

**सारांश:** परमेश्वर प्रेम गर्न अति शोखिन हुनुहुन्छ भनेर बाइबलले भन्दछ। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा विभिन्न शिक्षाहरू छन्, तिनीहरूमा परमेश्वरको जोश राखियो भने हाम्रो जीवनमा कस्तो रूप लिन सक्थ्यो होला, सोच्नुहोस्।